**भारतीय राजदूतावास**

**काठमाडौँ**

## प्रेस विज्ञप्ति

## नेपालको बाँकेमा विद्यालय भवनको शिलान्यास समारोह

नेपालको लुम्बिनी प्रदेश अन्तर्गत बाँके जिल्लाको खजुरा गाउँपालिका-४ स्थित श्री जनकल्याण माध्यमिक विद्यालयको भवन निर्माणका लागि आज काठमाडौँस्थित भारतीय राजदूतावासका काउन्सलर श्री गीतांजलि ब्रैंडन र खजुरा गाउँपालिकाका अध्यक्ष श्री डम्बर बहादुर बि.कले संयुक्त रूपमा शिलान्यास गर्नुभयो।

२. भारत सरकारको आर्थिक सहयोग करिब नेरु ३.२ करोड लागतमा यो विद्यालय भवनको निर्माण हुँदैछ। यो उच्च प्रभाव सामुदायिक विकास परियोजना बाँकेको खजुरा गाउँपालिकामार्फत कार्यान्वयन हुनेछ। यो नेपालको बाँके जिल्लामा सञ्चालन भइरहेको ८ औँ उच्च प्रभाव सामुदायिक विकास परियोजना हो।

३. बाँकेको खजुरा गाउँपालिकाका अध्यक्ष तथा अन्य सरोकारवालाहरुले भारत सरकारद्वारा प्रदान गरिँदै आएको विकास सहयोगको प्रशंसा गर्नुभयो र वहाँहरुले नयाँ पूर्वाधारले खजुरा गाउँपालिकाका विद्यार्थी र शिक्षकहरुका लागि सिकाइको वातावरण बढाउन मद्दत गर्ने विश्वास व्यक्त गर्नुभयो।

४. नजिकको छिमेकी भएको नाताले भारत र नेपालबीच व्यापक र बहुक्षेत्रीय सहकार्य रहेको छ। उच्च प्रभाव सामुदायिक विकास परियोजनाको कार्यान्वयनले प्राथमिकताका क्षेत्रहरुमा पूर्वाधार विकास गर्नुका साथै विकास र समृद्धिलाई अगाडि बढाउने नेपाल सरकारको प्रयासलाई सुदृढ पार्न भारत सरकारको निरन्तर सहयोगलाई प्रतिबिम्बित गर्छ।

काठमाडौँ,

२०८३ श्रावण १५